# धनकुटा नगर कार्यपालिकाको कार्यालय , धनकुटा

मिति २०८२/०२/०१ र ०२

## जनप्रतिनिधिहरुका लागि लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धी क्षमता अभिबृद्दि तालिम सम्पन्न प्रतिवेदन




आयोजक

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना, परियोजना कार्यान्वयन ईकाई, धनकुटा नगरपालिका

# लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा जनप्रतिनिधहरुका लागि संचालन गरिएको क्षमता अभिबृद्धि कार्यक्रमको सम्पन्न प्रतिवेदन २०८२

## १. परिचय/औचित्य (Rationale):

लैङ्गिक समानता तथा लैङ्गिक हिंसा सम्बन्धमा नेपालले गरेका विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा संवैधानिक प्रावधानहरुलाई कार्यान्वयन गर्ने गरी लैङ्गिक समानतामुखी कानुन तथा नीतिहरू बनेका छन् । त्यसैगरी आफ्ना आवधिक योजना तथा कार्यक्रमहरुलाई उक्त लक्ष्य हासिल गर्ने दिशातर्फ परिलक्षित गरेको छ । महिला सशक्तीकरण तथा बालबालिकाहरूको हकहित संरक्षणका लागि विभिन्न कार्यक्रमहरू संचालन हुँदै आएका छन् त्यसैले हाल लैङ्गिक समानताको प्रवर्द्धन गर्नेतर्फ न्यायिक सक्रियता बढ्दै गएको भन्न सकिन्छ । सरकार मात्र नभई नागरिक समाज तथा गैर सरकारी क्षेत्रबाट पनि लैङ्गिक हिंसा अन्त्यका प्रयासहरू भएका छन । तथापि घटनाहरु बढ्दै गएको तथ्यहरुले लैङ्गिकतामा आधारित हिंसा एउटा गम्भीर मानव अधिकार चुनौतीको रुपमा रहेको देखिन्छ । त्यसैले लैङ्गिक हिंसा अन्त्यको विषय समाजको साझा सरोकारको विषय बन्दै गएको छ ।लैङ्गिक हिंसालाई महिलाको एकल सरोकारको विषयको रुपमा हेर्ने र बुझ्ने प्रवृतिले अन्य सरोकारवालाहरू यस समस्याको समाधान प्रति संवेदनशिल नहुने संभावना रहेको साथै पछिल्ला तथ्यहरुले लैङ्गिक हिंसाका घटनाहरुरूको प्रवृत्तिमा बढोत्तरी आएको देखिन्छ । यस सम्बन्धी हाम्रो समाजिक मुल्य मान्यताहरूलाई रुपान्तरण नगरी दण्डात्मक कानुनको व्यवस्थाले मात्र समस्याको सम्बोधन सहि ढंगले हुन नसक्ने सिकाई स्थापित भैसकेको छ । यसै परिप्रेक्षमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र विश्व बैंक नेपालको लगानी र प्राविधिक सहयोगमा धनकुटा नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना शुरुवात भएको छ । यसै सन्दर्भमा निर्वाचित जनप्रतिनिधिहरुलाई लैङ्गिक हिंसा सम्बन्धी आधारभूत पक्ष र परियोजनाको जानकारी दिन क्षमता अभिबृद्दि तालिमको आयोजना गरिएको थियो ।

## २. तालिमको उद्धेस्य (Objective):

धनकुटा नगरपालिका क्षेत्रमा संचालन भईरहेको लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाको सम्बन्धमा सबै सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने र लैङ्गिक हिंसा सम्बन्धी आधारभूत विषय बस्तु प्रतिको बुझाईमा बढोत्तरी तथा क्षमता अभिबृद्धि गरी लैङ्गिक हिंसा सम्बन्धी सेवामा पहुँच सुनिश्चित गर्ने नै यस कार्यक्रमको मुख्य उद्धेस्य रहेको थियो।

## ३. कार्यक्रम संचालन प्रक्रिया (Methodology):

यो क्षमता अभिबृद्दि कार्यक्रम लैङ्गिक हिंसा विरुद्ध नीति निर्माण र कार्यान्वयन तहमा समेत संलग्न यस धनकुटा नगरपालिकाका सबै जनप्रतिनिधिहरुका लागि २ दिन धनपा ५ मुर्चुङ्गा होटलमा संचालन गरिएको थियो । यो कार्यकम संचालन गर्न विभिन्न विधिहरुको प्रयोग गरिएको छ । प्रशिक्षण कार्यक्रम अवधीभर सहभागीहलाई उत्सुक र छलफलमा

सक्रिय बनाई आ-आफ्नो क्षेत्रबाट सहभागी हुने वातावरण तयार पारिएको थियो । यस प्रशिक्षणमा सहभागी केन्द्रित विधी अन्तर्गत निम्न लिखित विधिहरू अपनाई तालिम कार्यक्रम संचालन गरिएको छः

- सहभागीको काम र अनुभवहरूको सङ्क्षिप्त र सारगर्भित प्रस्तुति,
- सहभागीबीच अन्तक्रियात्मक तरिका अपनाई सिक्ने वातावरणलाई सहजीकरण गरेको,
- लैङ्गिक समानता तथा हिंसा सम्बन्धी ऐन, नीति, रणनीति र यससँग सम्बन्धित संरचनाहरू आफ्नो पालिका सान्दर्भिक बनाउन समूहकार्य, प्रस्तुतीकरण, भूमिका निर्वाह गराएको,
- प्रतिकार्य, संरक्षण सम्वन्धी सूचना प्रवाह गर्ने गतिविधिहरू बढाउन खेल र अन्तक्रियात्मक विधिहरू,
- विभिन्न सत्रहरूको छलफलबाट लैङ्गिक हिंसा निबारण सम्बन्धी कार्यहरूका लागि सहयोग पुग्ने बुँदाहरूको छनौट तथा मस्यौदा कार्ययोजनाको तयारी
- स्थानीय लैङ्गिक हिंसा न्यूनीकरण गर्न जारी गरिएको आचार संहिता तथा प्रतिवद्धताको अनुमोदन र कार्यान्वयनमा ऐक्यबद्दता गरेको ।
- सहभागीहरुको सिकाई मापनका लागि pre-test र Post test को प्रयोग गरिएको ।

प्रशिक्षण सत्रहरूको प्रशिक्षण विधिमा सहयोग पु-याउन निम्नलिखित औजार तथा उपकरणको प्रयोग गरिएको थियो।

| औजार सामाग्रीहरु | उपकरण |
|---|---|
| • पावर प्वाइट प्रस्तुति<br>• समूहकार्यका टेमप्लेटहरू<br>• लैङ्गिक हिंसा, लैङ्गिक समानता सम्बन्धी स्थानीय ऐन, कानून हातेपुस्तक लगायतका गहन अध्ययन सामग्रीका लागि हाजिरी जवाफजस्ता अन्तक्रियात्मक खेल, हिंसा न्यूनीकरणमा मूल प्रवाहीकरण गर्न अध्ययन सामग्री आदि प्रयोग गरिएको छ । | • पर्याप्त पाठ्यसामग्री र अन्य सन्दर्भ—सामग्री<br>• मेटा कार्ड र पोष्ट—इट प्याडहरू<br>• नोटबुक र कलमहरू<br>• पुस पिन, मास्किङ टेप, बोर्ड मार्करहरू (मेटिने र नमेटिने)<br>• खैरो र सादा कागजहरू<br>• अन्तक्रियात्मक खेलहरूका लागि आवश्यक सामग्री<br>• मल्टिमिडिया प्रोजेक्टर, माइक्रोफोन, पिन आदि । |

## ४. कार्यक्रममा सहभागीहरुको विवरण (Participants):

यस दुई दिने प्रशिक्षण कार्यक्रममा धनकुटा नगरपालिकाका प्रमुख, उप प्रमुख, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु र वडा सदस्यहरु गरी जम्मा ४६ जना जनप्रतिनिधिज्यूहरुको सहभागिता रहेको थियो ।

## ५. कार्यक्रम सञ्चालन भएको मिति र स्थान (Date & Venue):

उल्लेखित तालिम कार्यक्रम मितिः २०८२ साल जेठ १ र २ गते मुर्चुङ्गा होटल, धनपा ५ धनकुटामा संचालन गरिएको थियो ।

## ६. कार्यक्रममा भएको खर्चको विवरण (Expended Budget):

उल्लेखित कार्यक्रम संचालन गर्न धनकुटा नगरपालिकामा संचालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना अन्तर्गत क्षमता विकास शीर्षकबाट खर्च गरिएको छ ।खर्चको विल भरपाईको विवरण यसैसाथ संलग्न गरिएको छ साथै सारांश  तपशील अनुसार दिईएको छ ।

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | सहभागीलाई विहानको खाजा, खाना, दिउँसोको खाजा, चियाकफि, विस्कुट, कार्यक्रम हल, प्रजेक्टर र पानी | १०९५३० |
| २ | सहभागीका लागि स्टेशनरी र तालिम सामाग्री | १४६०० |
| ३ | सहभागी यातायात खर्च | ४०००० |
| ४ | ब्यानर | १५०० |
| ५ | स्रोत व्यक्तिको दैनिक तथा भ्रमण खर्च र पारिश्रमिक | २८६०० |
| ६ | तालिम व्यवस्थापन, प्रतिवेदन र सहयोगी पारिश्रमिक | ३००० |
| ७ | व्यवस्थापनमा सञ्चार खर्च | २००० |
| ८ | सहभागीलाई व्याग | ७२००० |
| ९ | कार्यपत्रको फोटोकपि (Handsout) | ४८०० |
| १० | विविध खर्च (खादा, चक्लेट) | २८०० |
| | **जम्मा** | **२७८८३०** |

## ७. तालिमबाट हासिल भएका उपलब्धीहरु:

यो कार्यक्रम पश्चात तपशील बमोजिम उपलब्धीहरु प्राप्त भएको आशा राखिएको छ ।

- सहभागीहरु नेपालमा लैङ्गिक हिंसाको सवाल सम्बन्धी आधारभूत पक्ष,कानूनी व्यवस्था तथा सरोकारवाला हरुको भूमिकामा थप जानकार भई समाजमा सकारात्मक संदेश दिन सक्षम भएको ।
- धनकुटा नगरपालिकामा संचालन भईरहेको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना र यसले गर्ने कार्य र आफ्नो भूमिकाबारे जानकार भएको ।
- आगामी बर्षहरुको नीति, कार्यक्रम र योजना बनाउँदा लैङ्गिक समानता तथा लैङ्गिक हिंसाको क्षेत्र समेट्न सीप र प्रेरणा मिलेको ।

# जनप्रतिनिधिहरुका लागि क्षमता अभिबृद्दि कार्यक्रम सम्पन्न

धनकुटा नगरपालिकामा संचालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाले लैङ्गिक हिंसा न्यूनीकरणका सम्बन्धमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । यसै क्रममा नगरपालिका प्रमुख, उप प्रमुख लगायत सम्पुर्ण जनप्रतिनिधिहरुका लागि गत जेठ १ र २ गते दुई दिने लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धमा क्षमता अभिबृद्दि तालिम तथा परियोजनाको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेकोछ । लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धमा स्थानीय नीति तथा कार्यक्रमहरु बनाउने र कार्यान्वयनमा समेत संलग्न हुनपर्ने भएकाले जनप्रतिनिधिहरुका लागि यो कार्यक्रम राखिएको थियो । दुई दिने यस तालिममा सहभागी रहनु भएका जनप्रतिनिधिहरुको विवरण तपशील अनुसार रहेको छ :



| जम्मा सहभागी | ४७ जना |
|---|---|
| महिला सहभागी | २३ |
| पुरुष सहभागी | २४ |
| बृहत जातिय समूह | |
| दलित | ७ जना |
| जनजाती | २७ जना |
| ब्राम्हण/क्षेत्री | १३ जना |







## ८. विषय बस्तु तथा सहजीकरण ( Content & Facilitation):

यस क्षमता अभिबृद्धि तालिम कार्यक्रमको को विषय बस्तु र कार्यतालिका तपशील अनुसार रहेको छ ।

| क्र.सं. | प्रशिक्षणको विषय वस्तु | समय तालिका | सहजकर्ता |
|---|---|---|---|
| १ | *पहिलो दिनः सहभागी आगमन र विहानको खाजा* | *०८:००-०८:३०* | *सहभागीहरु* |
| २ | ***उद्घाटन सत्रः*** *सहभागीहरुको नामादर्ता, परिचय, नियम, अपेक्षा संकलन, स्वगत तथा कार्यक्रमको उद्धेस्यमा प्रकाश र उद्घाटन मन्तव्यसाथ सत्र विसर्जन* | *०८:३०-०९:००* | *स्थानीय सहजकर्ता, प्रमुख, र प्रमुख प्रसाशकीय अधिकृत* |
| ३ | *तालिम पूर्व मुल्याङ्कन प्रश्नावली* | *०९:००-०९:१५* | *सहभागीहरु* |
| ४ | लैङ्गिक हिंसा सम्बन्धी अवधारणा, नेपालको अवस्था, न्युनीकरणका प्रयास र अवरोधहरु | ०९:१५-१०:४५ | प्रज्ञा निरौला |
| ***५*** | ***चिया विश्राम*** | ***१०:४५-११:००*** | ***सवै*** |
| ६ | नेपालमा लैङ्गिक हिंसा सम्बोधन गर्ने संवैधानिक, कानूनी व्यवस्था र सँस्थागत संरचना | ११:००-१२:३० | रमेश श्रेष्ठ |
| ***७*** | ***दिउँसोको खाना*** | ***१२:३०-१३:३०*** | ***सवै*** |
| ८ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, कानूनी व्यवस्था र निवारणका लागि प्रतिबद्दता | १३:३०-१५:०० | प्रज्ञा निरौला |
| ९ | लैङ्गिक हिंसाको क्षेत्रमा फ्रन्टलाइन वर्कर्स र संघ/सँस्थाबीच समन्वय र सहकार्य | १५:,-१६:३० | दशरथ राई |
| *१०* | *पहिलो दिनको समिक्षा र समापन* | *१६:३०-१७:००* | *सहभागीहरु* |
| *११* | ***दोस्रो दिनः*** *सहभागी आगमन र विहानको खाजा* | *०८:००-०८:३०* | *सहभागीहरु* |
| *१२* | *अघिल्लो दिनको पुनरावलोकन र प्रतिवेदनमा छलफल* | *०८:३०-०९:००* | *सहभागीहरु/सहजकर्ता* |
| १३ | लैङ्गिक हिंसा न्यूनीकरणका लागि समुदाय सचेतीकरण र IEC Materials को प्रयोग | ०९:००-१०:३० | प्रज्ञा निरौला |
| *१४* | *चिया विश्राम* | *१०:३०-१०:४५* | *सवै सहभागी* |
| १५ | एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC)को अवधारणा, प्राप्त हुने सेवाहरु र प्रकिया | १०:४५-१२:१५ | डा. सीमांकन पोखेल |
| ***१६*** | ***दिउँसोको खाना*** | ***१२:१५-१३:१५*** | ***सवै सहभागीहरु*** |
| १७ | लैङ्गिक हिंसा न्यूनीकरणका प्रयास (पीडित केन्द्रीत दृष्टिकोण, व्यवहार, केश व्यवस्थापन संप्रेषण र रेफरल मेकानिजम) मा नेपाल प्रहरीको भूमिका र स्थानीय अवस्था | १३:१५-१४:४५ | ईन्स्पेक्टर ध्रुव नारायण श्रेष्ठ |
| १८ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको परिचय | १४:४५-१६:१५ | नुषराज श्रेष्ठ |
| ***१९*** | ***तालिम मूल्याङ्कन तथा समिक्षा*** | ***१६:१५-१६:४५*** | ***सहभागीहरु*** |
| ***२०*** | ***औपचारिक रूपमा तालिम समापन*** | ***१६:४५-१७:१५*** | ***सहभागीहरु/उप प्रमुख*** |

**लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा क्षमता अभिबृद्धि कार्यक्रममा सहभागीहरुका लागि पूर्व परीक्षण र उत्तर परीक्षण (Pre-test and Post test) को प्रश्नावली** समय १० मि.

*सहि उत्तरमा रेजा लगाउनु होला ।*

**१. हाम्रो मानव समाजमा लिङ्ग भन्नाले के बुझिन्छ ?**

क. पुरुष ख. महिला र पुरुष ग. महिला पुरुष र यौनिक अल्पसंख्यक

**२. लैङ्गिकता भनेको के हो ?**

क. प्रकृतिले बनाएको भूमिका ख. समाजले बनाएको महिला,पुरुष तथा यौनिक अल्पसंख्यकको भूमिका
ख. सरकारले बनाएको जातजाती अनुसारको भूमिका

**३. लैङ्गिक हिंसा भन्नाले के बुझ्नु हुन्छ ?**

क. घरेलु हिंसा ख. महिला हिंसा ग. लैङ्गिकताको आधारमा गरिने भेदभाव/हिंसा

**४. लैङ्गिक हिंसाका प्रकारहरु के के हुन ?**

क. शारिरीक हिंसा ख. सामाजिक/मनोबैज्ञानिक हिंसा ग. आर्थिक हिंसा घ. माथिका सवै

**५. लैङ्गिक हिंसाबाट पीडित भएपछि देखिने सम्भावित परिणामहरू के के हुन् ?**

क. शारीरिक चोटपटक ख. मानसिक रोग ग. एक्लोपना घ सवै

**६. लैङ्गिक हिंसा सधै पुरुषले महिलामाथि गर्छन्।**

क. ठीक

ख. गलत

**७. यस्तो हिंसा न्यूनीकरणका लागि रोकथामका उपाय के हुन सक्छ ?**

क. समुदाय सचेतीकरण ख. पिडकलाई कानुनी कारवाही गर्ने ग. परम्परागत कुरितिहरु हटाउने

घ.लैङ्गिक समानता प्रवर्दन गर्ने ङ. यस क्षेत्रमा काम गर्नेहरुको क्षमता विकास गर्ने च. सवै

**८. पीडित केन्द्रित दृष्टिकोण भनेको के हो ?**

क. पिडितको सुरक्षा र अधिकार ख. पिडकको अधिकार ग. राजनीतिक संरक्षण

**९. नेपालमा लैङ्गिक हिंसा पीडितहरूका लागि मुख्य रेफरल मार्गहरू कहाँ हुन सक्छ ?**

क.एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रहरी ख. औषधी विभाग ग. गैसस घ. न्यायीक समिति

माथिका प्रश्नहरूको उत्तर निम्न अनुसार छ:

| प्रश्न नं. | उत्तर | प्रश्न नं. | उत्तर |
|---|---|---|---|
| १ | ग | २ | ख |
| ३ | ग | ४ | घ |
| ५ | ग | ६ | ख |
| ७ | च | ८ | क |

सहभागीहरुको तालिम पूर्व परीक्षण र तालिम पश्चात परीक्षणको नतिजा गर्दा तपशील अनुसारको आएको थियो ।

तालिम पूर्वको परीक्षण

| मिलेको उत्तर संख्या | उत्तर मिलाउने सहभागी संख्या | तालिम पछिको मुल्याङ्कन | |
|---|---|---|---|
| ३ | २ | मिलेको उत्तर संख्या | उत्तर मिलाउने सहभागी संख्या |
| २ | ३ | 3 | 1 |
| ४ | ३ | ४ | २ |
| ५ | ५ | 6 | 2 |
| ६ | ६ | ७ | ९ |
| ७ | ८ | ८ | ८ |
| ८ | ३ | ९ | ७ |
| ९ | ० | | |